**अन्नपूर्ण गाउँपालिका,कास्की**

**आ.ब.२०८०/०८१**

**पहिलो चौमासिकमा सम्पादित कामहरुको प्रगति विवरण**

**बिभिन्न शाखा तथा वडा कार्यालयबाट सम्पादन भएका कार्यहरु**

**<u>प्रशासन शाखाबाट सम्पादन गरेका कार्य विवरणहरूः</u>**

- संयुक्त राष्ट्र संघका महासचिव एन्टेरियो गुटेरसद्वारा जलवायु परिवर्तन सम्बन्धी यस गाउँपालिकाको वडा नं ११ अन्नपूर्ण आधार शिविरमा गरिएको भ्रमणमा आवश्यक सहजीकरण तथा समन्वय गरिएको ।
- नेपाली सेना, भगवतीदल गण, फुलवारी व्यारेक र यस गाउँपालिकाको संयुक्त आयोजनामा यस गाउँपालिकाको सभाहलमा विपद प्रतिकार्य सम्बन्धी तालिम संचालन गरिएको ।
- यस गाउँपालिकाद्वारा नेपाली नारिहरुको महान पर्व हरितालिका तीज २०८० को अवसरमा शुभकामना आदान प्रदान तथा दरखाने कार्यक्रम संचालन गरिएको ।
- यस गाउँपालिका अन्तर्गतका विभिन्न वडाहरुमा वातावरण संरक्षण ऐन सम्वन्धी छलफल कार्यक्रम संचालन गरिएको ।
- अन्नपूर्ण गाउँपालिका आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०८० पारित गरिएको ।
- यस गाउँपालिकामा रिक्त भएका पदहरुको माग आकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पेस गरिएको ।
- विभिन्न मन्त्रालय तथा कार्यालयहरुबाट माग भई आएबमोजिमका विवरणहरु तयार गरी उपलब्ध गराइएको ।
- भारत केरला राज्यका विकेन्द्रीकरण मोडेलका विज्ञ डा. पि.पि. बालेनसंग अन्तरकृया गरिएको
- गाउँपालिका जनप्रतिनिधि तथा सम्पूर्ण कर्मचारीहरूको आ.ब. २०७९।०८० को सम्पत्ति विवरण फारम संकलन गरी सम्बन्धित कार्यालयमा पेस गरिएको ।
- यस गाउँपालिकामा कार्यक्षेत्र भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रीय संस्थाहरुलाई कार्यक्रम तथा परियोजना संचालनका लागि अनुमती तथा सिफारिस गरिएको ।
- सेवाग्राहीबाट माग भइ आए बमोजिमका जाति प्रमाणित लगायत विविध विषयका सिफारिस पत्रहरु तयार गरी सम्बन्धित मन्त्रालय/कार्यालयमा पठाईएको,
- सेवाग्राहीबाट माग भइ आए बमोजिम विभिन्न अस्पताल तथा स्वास्थ्य संस्थामा निःशुल्क साधारण स्वास्थ्य उपचारका लागि सिफारिस गरिएको ।
- यस अन्नपूर्ण गाउँपालिकामा कार्यरत सबै सेवा समूहका कर्मचारीहरूको आ.ब. २०७९।०८० को कार्यसम्पादन मूल्याङ्कन फारम सम्बन्धित कार्यालयमा पेस गरिएको ।
- मालपोत कार्यालय कास्की तथा अन्य कार्यालयबाट जारी गरिएका विभिन्न नामसारी हकदावी सम्बन्धी लगायत अन्य सार्वजनिक सूचना प्रकाशन गरिएको ।

- यस गाउँपालिका अन्तर्गत वडा नं ११ को छोम्रोङ देखी माछापुच्छ्रे बेसक्याम र अन्नपूर्ण आधार शिविर सम्म संचार सुविधाको लागि नेपाल टेलिकमलाई सिफारिस गरिएको ।
- यस कार्यालयमा सेवाग्राही सहायता कक्षको स्थापना गरी सहजकर्ता कर्मचारी खटाइएको ।
- यस कार्यालय मातहतका कार्यालयमा कार्यरत १ जना कर्मचारीलाई रमाना, १ जना कर्मचारीलाई अन्यत्र सरुवा भई जानका लागि सरुवा सहमती, २ जना कर्मचारीलाई यस कार्यालय मातहतको कार्यालयमा सरुवा भई आउनका लागि सरुवा सहमति दिईएको छ ।
- स्वास्थ्य तर्फ काज फिर्ता भई आएका ३ जना कर्मचारीलाई स्वास्थ्य संस्थामा पदस्थापना गरिएको ।
- यस गाउँपालिका मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको जिम्मेवारी हेरफेर तथा सरुवा गरिएको ।
- विपद् व्यवस्थापन सम्बन्धी सामाग्रीहरू खरिद गर्न सूचना प्रकाशन गरी कोटेशनको आधारमा सामाग्रीहरु खरिद गरिएको ।
- विभिन्न कार्यालय तथा मन्त्रालयहरूमा बजेट माग गरिएको ।
- विभिन्न विश्वविद्यालय तथा विद्यालयहरुमा निशुल्क छात्र/छात्रावृत्तीका लागि सिफारिस गरिएको ।
- ४ पटक कार्यपालिका बैठक संचालन गरिएको ।
- माग भइ आए बमोजिम अनुसन्धान लगायत अन्य कार्यकाका लागि अनुमती तथा स्वीकृति प्रदान गरिएको
- अन्य नियमित कार्यहरु सम्पादन गरिएको ।

**सहकारी शाखाको प्रगति विवरण**

- सहकारी संस्थाहरुको वार्षिक तथा मासिक प्रतिवेदन प्राप्ति ।
- प्रकृया पुगेका सहकारी संस्थाहरुको नविकरण गरिएको ।
- माग बमोजिम गरिबी तथा सहकारी सहकारी सम्बन्धी सूचना प्रणाली (कोपोपिस) सम्बन्धमा प्रविधिक सहयोग उपलब्ध गराइएको ।
- सहकारी संस्थाहरुले माग गरेबमोजिम विभिन्न निकायमा छुट सहुलियत अनुदान सिफारिस गरिएको ।
- सहकारी संस्थाको साधारण सभा तथा कर्मचारी नियुक्ती सम्बन्धमा सहजीकरण गरिएको ।
- आ.व. २०७९/०८० को लेखा परिक्षणको लागि सहकारी संस्थाहरुलाई निर्देशन तथा ताकेता गरिएको ।

**अध्यक्षज्यूको सचिवालयबाट सम्पादन भएका कार्यहरुः**

- गाउँपालिकामा अध्यक्ष ज्यू संघ भेटघाट तथा गुनासोको लागी आउने सेवाग्राहिलाई प्रतिक्षा कक्षको व्यवस्था गरिएको ।
- सेवाग्राहिको काम/ गुनासो/ सुझावको लागी अध्यक्ष ज्यूसंघ भेट्न छुट्टै कार्यकक्षको व्यवस्था गरिएको ।
- अध्यक्षज्यूको अनुपस्थितिमा सेवाग्राहिको काम र कागजात लिई प्रकृया अघि बढाउने गरिएको ।
- अध्यक्षज्यूको दैनिक कार्यक्रमको जानकारीको लागी नोटिस बोर्डको व्यवस्था गरिएको ।
- हालसम्म गाउँपालिकासँग आर्थिक सहयोगको अपेक्षा राखेका विभिन्न व्यक्ति तथा संस्थहरुको माग निवेदन संकलन गरएको साथै विपतको प्रकृति हेरि कतिपयलाइ भुक्तानी दिइएको र बाकी भुक्तानीको क्रममा अगाडी बढाइएको ।

- सचिवालयमा प्राप्त पत्रहरु  दर्ता गरि सम्बन्धित शाखामा बुझाइएको  ।
- हालसम्म अध्यक्षज्यूसँग निम्न व्यक्ति तथा संस्थाले भेटघाट गरी आफ्नो समस्या /गुनासो प्रस्तुत गर्नुभएको साथै  समस्या समाधान समेत गरिएको ।

| क्र.स | महिना | भेटघाट भएका व्यक्ती/संस्था संख्या | कैफियत |
|---|---|---|---|
| १ | श्रावण | ८५ | |
| २ | भाद्र | ४० | |
| ३ | आश्विन | १९ | |
| ४ | कात्तिक | १४ | |
| | जम्मा | १५८ | |

**<u>आर्थिक प्रशासन शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

| **श्रोत** | **बार्षिक अनुमानित आय** | **वास्तविक आय** |
|---|---|---|
| **संघीय सरकार** | **४१ करोड ६८ लाख** | **१५ करोड ४४ लाख ९० हजार** |
| समानीकरण अनुदान | ९ करोड ८९ लाख | ४  करोड ९४ लाख ५० हजार |
| शसर्त अनुदान चालु | २७ करोड ५३ लाख | ९ करोड ५० लाख ४० हजार |
| शसर्त अनुदान पुँजीगत | १  करोड ४१ लाख | १ करोड |
| बिशेष अनुदान पुँजीगत | ८५ लाख | |
| समपुरक अनुदान पुँजीगत | २ करोड | |
| **प्रदेश** | **२ करोड २७ लाख ०२ हजार** | **८१ लाख ७५ हजार** |
| समानीकरण अनुदान प्रदेश | १ करोड २७ लाख ०२ हजार | ३१ लाख ७५  हजार |
| समपुरक अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| बिशेष अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| **राजश्व बांडफांड** | | |
| संघ+प्रदेश+आन्तरिक | १४  करोड २४  लाख ०६ हजार | १ करोड ६६ लाख  ५८ हजार |

**खर्च प्रतिशत :**

| **बजेट** | **विनियोजित** | **खर्च** | **प्रतिशत** |
|---|---|---|---|
| चालु | ४० करोड ५३ लाख | १० करोड ७२ लाख | २५.४ |
| पुँजीगत | १८ करोड २५ लाख | २ करोड ५४ लाख | १४.०२ |
| कुल | ५८  करोड ७८ लाख | १३ करोड २६ लाख | २२.२२ |

**बिषयगत क्षेत्र अनुसार**

| बिषयगत क्षेत्र | खर्च प्रतिशत |
|---|---|
| आर्थिक बिकास | ४.४४ |

| | |
|---|---|
| सामाजिक बिकास | २६.८५ |
| पूर्वाधार बिकास | १५.२९ |
| शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र | ४.८ |
| कार्यालय संचालन तथा प्रशासनिक | २३.५८ |

**राजश्व शाखा**

कार्तिक मसान्तसम्म राजश्व शाखा तथा ११ वटै वडाबाट संकलन भएको राजश्व रकम -त्रिपन्न लाख अठसठ्ठि हजार सात सय उनन्साठी रुपैया बाईस पैसा मात्र

नयाँ ब्यबसाय दर्ता

कृषि फर्मः ५

किराना पसलः ६

होटल व्यवसायः २

घ वर्गः ५

कुल दर्ता संख्या १८ वटा

ब्यबसाय नविकरण-२३४ वटा

संघ संस्था दर्ताः २ वटा

**कृषि बिकास शाखाबाट सम्पादन भएका कार्यहरु**

कृषक खेतबारी तथा कृषि बालिबस्तु अनुगमन अन्तर्गत

- गबारो र खैरो फड्के किराको प्रकोप देखिएको धान खेतमा स्थलगत अनानुगमन गरि सुझाब सल्लाह पेश गरि थप निरीक्षणका निम्ति नमुना संकलन गरि प्रदेश स्थित बालि संरक्षण प्रयोगशाला पठाईएको।
- आ.ब २०७९/८० सालमा स्थापित अम्बा बगैचाको स्थलगत अनुगमन तथा कृषकसंग राय सल्लाह लिई आवश्यक सुझाब पेश गरिएको।
- अन्नपुर्ण-०४ सल्यान स्थित असिनाले क्षती पुर्याएको करिब ५०-६० रोपनी धान खेतको स्थलगत अनुगमन गरि सिफारिस लिइ सम्बन्धित निकायमा क्षतिपूर्ति मागका सुझाब दिएको।

कृषकका लागि कृषि तालिम

- अन्नपुर्ण-०७ स्थित पात्लेखेत, ०८ स्थित बिरेठाटि र ०९ स्थित नयाँगाउमा ३-३ दिने नर्सरी व्यबस्थापन तथा तरकारी र फलफुल उत्पादन सम्बन्धि तालिम प्रदान गरिएको।

मौरी प्रबर्धन कार्यक्रम

- आ.ब २०७९/८० सालको मौरी प्रबर्धन कार्यक्रम अन्तर्गत  बितरण बाँकी रहेको मौरी घार अन्नपुर्ण-०४ स्थित २० घार मौरी बितरण गरिएको।

यस आ.बको पहिलो चौमासिकमा ३ वटा कृषि फर्म दर्ताको लागि आवश्यक कागजात प्रक्रियामा सहयोग गरि सिफारिस गरिएको।

**<u>पशुसेवा शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

- मेडिकल उपचार सेवा बाट लाभान्वित पशु संख्या-६४५
- गोबर परिक्षण-२५६
- २३ वटा पशुको नमूना संकलन तथा प्रेषण गरिएको
- गाइनोकोलोजिकल उपचारबाट लाभान्वित पशु संख्या-५७
- माइनर सर्जिकल सेवा-६५
- पोष्ट मार्टम सेवा-४३
- खोप सेवा अन्तर्गत

खोरेत बिरुद्ध खोप-२३००, पिपिआर बिरुद्ध खोप-३९००, रेबिज बिरुद्ध खोप-७५

निशुल्क औषधी वितरणबाट लाभग्राही कृषक-४०५, सेवा उपलब्ध गराइएको पशु संख्या-१७६०

कृत्रिम गर्भाधान सेवा जम्मा गाई-३१६,भैंसी-५०३ गरी कुल जम्मा-८१९

**<u>शिक्षा युवा तथा खेलकुद शाखाबाट सम्पादन भएका कार्यहरु</u>**

**नियमित कार्यक्रम**

- सम्पूर्ण विद्यालयहरुको इमिस अध्यावधिक
- सम्पत्ति विवरण दर्ता र राष्ट्रिय सतर्कता केन्द्र को software मा प्रविष्ट
- शिक्षकहरुको कार्य सम्पादन मुल्यांकन
- कक्षा ८ को ग्रेडसिट निर्माण वितरण
- सामाजिक परिक्षण, विद्यालय सुधार योजना , लेखा परिक्षणको अभिलेखीकरण
- राष्ट्रिय किताबखानाबाट शिक्षकहरुको तलबी प्रतिवेदन पारित
- विद्यालय अनुगमन निरीक्षण
- चिल्ड्रेन नेपालको सहकार्यमा बालबालिका र युवाको लागि राम्रो पोषण सोच विस्तार परियोजना सम्झौता भएको
- संगम मा.वि र सिद्ध आ.वि बीच एकीकृत पढाई व्यवस्थापन कार्य

- साउन, भाद्र, असोज, कार्तिक र चाडबाड खर्च मासिक रुपमा निकासा जम्मा ७४३७४४७५ ( सात करोड त्रिचालिस लाख चौरत्तर हजार चार सय पचहत्तर मात्र )
- गुरुङ शिक्षक तलब भत्ता (साउन, भाद्र असोज र चाडपर्व) : १३७६०८ ( एक लाख सैतिस हजार छ सय आठ मात्र )
- शिक्षक छनौट , शिक्षक सरुवा सहमति पत्र र शिक्षक सरुवा
- बालकक्षा शिक्षकका लागि शिक्षण सिकाई सामग्री निर्माण र बाल मनोविज्ञान सम्बन्धि ३ दिने आवासीय तालिम

**अतिरिक्त कार्यक्रमहरु**

- राष्ट्रिय बालदिवसको अवसरमा अतिरिक्त कृयाकलापहरुः निबन्ध लेखन प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, पठनसिप प्रतियोगिता र हिसाब दौड प्रतियोगिता संचालन गरी मनाइएको
- जनप्रिय क्याम्पससंगको संयुक्त लागत साझेदारीमा Bachelor in Mountain Tourism Management मा छात्रवृतिमा पढ्नको लागि इच्छुक बिद्यार्थीको लागि सूचना प्रकाशन गरिएको

**बैठक**

- प्र.अ. बैठक १ पटक
- शिक्षा समिति बैठक २ पटक
- अनुगमन समिति बैठक १ पटक : अनुगमन समितिको बैठक बसी अनुगमन समितिको प्रतिवेदन अन्तिम चरणमा

## <u>स्वास्थ्य सेवा शाखाबाट सम्पादन भएका कार्यहरु</u>

- हाल सम्म covid 19 को QR प्रमाणीकरण गरिएको संख्या २४९८
- हाल सम्म यस पालिका अन्तर्गतका स्वास्थ्य संस्थावाट सेवा पाऐका महिला तथा पुरुष बिरामी को संख्या १३८४२
- ०-२३ महिना सम्मका खोप पाएका बालबालिकाको संख्या २७१
- पहिलो पटक जुनसुकै समयमा गर्भ जाँच गराएका गर्भवती संख्या ६०
- प्रोटोकल अनुसार गर्भ जाँच गराएका गर्भवती संख्या १०
- स्वास्थ्य संस्थाबाट प्रसुती सेवा पाएका सुत्करी संख्या ८
- परिवार नियोजन सेवा कार्यक्रम
- कण्डम बितरण ५८७१
- डिपो/पिल्स/ईम्प्लाट/आई.यु.सि.डी हाल अपनाइरहेका ३०४
- बार्षिक समिक्षा गोष्ठी सम्मपन्न
- पोषण समिक्षा गोष्टी
- बिपन्न नागरीक औषधी उपचार सहुलीयत सिफारिस गरिएको १७ जना
- निशुल्क स्वास्थ्य शिबिर संचालन गरिएको
- तथ्यांक भेरिफिकेसन सम्पन्न

- लुम्लेमा स्वास्थ्य संस्था स्थापना एबम संचालन
- परिवार कल्याण कार्यक्रम
- राष्ट्रिय स्वास्थ्य शिक्षा एबम संचेतना कार्यक्रम सम्पन्न

**आयुर्वेद तर्फ**

- सेवा लिएका जम्मा सेवाग्राही संख्या -२६०६ जना( महिला-१५९६,पुरुष-१०१०)
- वडा नं. २,३,४,५,६,७,८,९ मा गाउँघर क्लिनिक  तथा आरोग्य सेवा संचालन
- जेष्ठ नागरिक सेवा कार्यक्रम सम्पन्न
- स्तनपायी आमालाई औषधी वितरण
- पुर्व कर्म सेवा,स्नेहदन,स्वेयदन कार्यक्रम सम्पन्न

**योजना शाखा शाखाबाट सम्पादन भएका कार्यहरु**

- गाउँ सभाबाट स्वीकृत सम्पुर्ण योजनाहरु अनलाइन प्रणालीमा समावेश
- वडाहरुमा योजना कार्यान्वयन उपभोक्ता समिति गठन
- योजनाहरुको प्राबिधिक लागत अनुमान तयार
- सवै वडाहरुको सडक मर्मत  तथा सफाइ र भुक्तानी
- योजना कार्यान्वयन सम्झौता र योजना कार्यान्वयन शुरुवात
- गत आ व मा सम्पन्न भइ भुक्तानी दिन बाँकी योजनाहरुको रकम भुक्तानी
- टेन्डर निकाल्न बाँकी योजना २  ( वडा नं २ शितगृह, वडा नं ६ को  कार्यालय र ढुंगा गिट्टी बालुवा)
- टेन्डर प्रकृया पुरा भइ योजना कार्यान्वयन सम्झौताको क्रममा रहेको योजना संख्या ८

**सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा**

सामाजिक सुरक्षा भत्ता तर्फ ( पहिलो त्रैमासिक श्रावण देखि आश्विन सम्म )

| सि नं | विवरण | जम्मा संख्या |
|---|---|---|
| १ | जेष्ठ नागरिक | २६५२ |
| २ | जेष्ठ नागरिक दलित | ४५४ |
| ३ | जेष्ठ नागरिक एकल महिला | २७८ |
| ४ | बिधवा ( आर्थिक सहायत ) | ३६६ |
| ५ | अपांगता क बर्ग | ११० |
| ६ | अपांगता ख बर्ग ( आर्थिक सहायत ) | १९२ |
| ७ | दलित बालबालिका | ५५३ |
| | जम्मा | ४६०५ |

जम्मा ४६०५ जनालाइ चार करोड पैतिस लाख एकसठ्ठी हजार चार सय रुपैयाँ सामाजिक  सुरक्षा भत्ता वितरण गरिएको

**पञ्जीकरण तर्फ**

२०८० बैशाख देखि कार्तिक मसान्त सम्म

जन्म -३८१,मृत्यु-१६३,बिबाह-१८६ जोडी, बसाईसराई  आएको-६०,गएको-९५ ,सम्बन्ध बिच्छेद-३३ जोडी

कुल घटना दर्ता संख्या ८०७

## <u>सूचना प्रबिधि शाखाबाट  सम्पादन भएका कार्यहरु</u>

- कार्यालय परिसरमा फ्रि वाइफाईको व्यवस्था गरिएको ।
- गाउँपालिका र वडा कार्यालयमा राजश्व ब्यबस्थापन प्रणाली र योजना अनुगमन एबम ब्यबस्थापन प्रणाली नियमित सुचारु गर्नको लागि गाउँपालिका तथा वडा कर्मचारीलाई नियमित प्राबिधिक सहयोग उपलब्ध गराएको
- गाउँपालिका तथा वडाका कर्मचारीलाई सूचना प्रबिधि एबम बिभिन्न प्रणाली प्रयोगमा क्षमता अभिवृद्धि गरेको
- गाउँपालिका,वडा कार्यालय र स्वास्थ्य संस्थामा नियमित इन्टरनेट  सेवा प्रबाह एबम विस्तारको लागि प्राबिधिक सहयोग उपलब्ध गराएको
- गाउँपालिकाको सूचना प्रबाहको लागि वेबसाइट एबम सामाजिक संजाल नियमित अध्यावधिक गरेको
- गाउँपालिकामा रहेका बिभिन्न प्रणाली,कम्प्युटर मर्मत एबम सुरक्षा संबेदनशिलतालाई अनुगन गरी सेवा प्रबाहलाई नियमित बनाउन पहल गरेको
- पर्यटक सूचना केन्द्र संचालन तथा ब्यबस्थापन कार्यविधि मस्यौदा तयार भईरहेको
- तथ्यांक ब्यबस्थापनको लागि गाउँपालिकाको छुट्टै तथ्यांक बैंक संचालनमा ल्याएको
- कार्यपालिका तथा सभाबाट पारित भएका कानूनहरु नियमित रुपमा राजपत्रमा प्रकाशन गरिएको
- अन्य नियमित सूचना प्रबिधि संग सम्बन्धित काम र प्राबिधिक सपोर्ट उपलब्ध गराइएको

## <u>महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाबाट सम्पादन भएका कार्यहरु</u>

- अपांग परिचय पत्र वितरण संख्या(१८ ,जेष्ठ नागरिक परिचय पत्र वितरण संख्या (१०
- वडा नं। ४ र ६ मा जेष्ठ नागरिक संजाल गठन गरिएको
- सामाजिक विकास कार्यालय कास्कीबाट आएका  अपांगहरुको साहायक साम्रगीहरु वडा वडामा लगी वितरण
- अपांगता परिचपत्र वितरणको लागि नियमित रुपमा बैठक संचालन
- ३३ औ अन्तराष्टिय जेष्ठ नागरिक दिवसको अवसरमा वडा  नं ४ का जेष्ठनागरिकहरुलाई सम्मान तथा भजनर्कितनका सामग्री वितरण गरि मनाईएको

- अभिभावक विहिन तथा बेसाहरा बालबालिकाहरुलाई सुरक्षित आवास र निशुल्क पठनपाठनको लागि विभिन्न बालगृहमा सिफासि गरि पठाईएको ।
- अपांग परिचयपत्र वितरणको लागि अपांगता भएका व्यक्तिहरुलाई निजको घरमै पुगेर अनुगमन
- ०७९।०८० मा महिला संजालद्धारा संचालित कार्यक्रमहरुको समिक्षा तथा आ.व ०८०।०८१ कार्ययोजनाबारे छलफल

## वातावरण, सरसफाई तथा विपद ब्यवस्थापन शाखाबाट सम्पादन भएका कार्यहरु

### राहत तथा उद्दार तर्फ

- बर्षा,हावाहुरी,चट्यांग,बाढी पहिरो लगायतको विपद/क्षति पुगेका ११ घर अन्नपूर्ण बासलाई राहत भुक्तानी उपलब्ध गराइएको
- त्रिपाल ५३ थान वितरण गरिएको ।
- ताजाली १०७ थान वितरण गरिएको ।
- सिंचाई पाईप ४५० मिटर वितरण गरिएको ।
- खानेपानी पाईप ५२०० मिटर वितरण गरिएको ।

### मनसुनजन्य विपद प्रभावित निजी आवास पुनर्निर्माण तर्फ

- सुचिकृत १५१ घरधुरी मध्ये १३ घरधुरीलाई २६ लाख निकासा प्रदान गरिएको

- भगवती दल गण फुलवारी ब्यारेक पोखराको आयोजना एवं गाउँपालिकाको सह आयोजनामा गाउँपालिकाको वडा नं. १ देखी ७ सम्मका ३५ जना सहभागीहरुलाई विपद प्रतिकार्य सम्बन्धी तालिम ४ दिने तालिम प्रदान गरिएको।
- USAID जल जंगल कार्यक्रमको प्राविधिक सहयोगमा अन्नपूर्ण गाउँपालिका वातावरण विधेयक २०८० तयार भई स्वीकृतको चरणमा रहेको ।
- स्थानिय विपद ब्यवस्थापन समितिको बैठक ४
  २ पटक बसेको ।
- वन, वातावरण तथा विपद ब्यवस्थापन विषयगत समितिको बैठक १ पटक बसिएको ।
- ३ वटा खानेपानीका मुहान नयाँ दर्ताको लागी आवस्यक प्रक्रिया पुरा भएको ।
- आवस्यकता अनुसार फिल्ड अनुगमन एवं प्रतिवेदनका नियमित कार्यहरु भैरहेको ।
- गाउँपालिकाको विपद प्रतिकार्य सम्बन्धी दिर्घकालिन योजना र जलवायु अनुकुलन योजना निर्माणका लागी USAID जल जंगल कार्यक्रम सँग सहकार्य भैरहेको ।
- बजार अनुगमन सम्बन्धि कार्यलाई निरन्तर रुपमा जारी राखिएको ।

➢ चालु आर्थिक बर्षमा ३९ वटा घ बर्गका निर्माण ब्यवसायीहरुको ४ वटा नयाँ ईजाजत पत्र जारी गरिएको र ३९ वटाको ईजाजत पत्र नविकरण गरिएको ।

## न्यायिक समिति तर्फ

- चालु आर्थिक बर्षको हाल सम्मको अवधिमा ६ पटक न्यायिक समितिको बैठक बसिएको ।
- चालु आर्थिक बर्षको हाल सम्मको अवधिमा कुनैपनि नयाँ मुद्दा दर्ता नभएको तर गत आर्थिक बर्षमा दर्ता भएका मुद्दाहरु मध्ये ५ वटाको चालु बर्षमा दायित्व सरी आएको र जस मध्ये २ वटा मुद्दा फर्छयौट भएको ।
- चालु आर्थिक बर्षमा ५ वटा वडाहरुमा वडा मेलमिलाप केन्द्र गठन सम्बन्धी कार्य सम्पन्न गरिएको ।
- विवादको प्रकृति र अवस्था हेरी न्यायिक समिति स्थलगत रुपमा नै उपस्थित भई विवाद निरुपण एवं मेलमिलाप सम्बन्धी सेवा प्रदान गर्ने गरिएको ।

## प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सम्पादन भएका कार्यहरु

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि प्राप्त बजेट ब्रेकडाउन गरी , वडा कार्यालयहरुबाट
- सिफारिस भएका २७ वटा योजनाहरु सुचिकृत बेरोजगार सख्याहरुको आधारमा बाँडफाँड गरि
- सम्बन्धित सबै वडाहरुमा सुचिकृत बेरोजगार ब्यक्तिहरुको प्राथमिकिकरण नाम सहितको
- योजना सञ्चालन गर्ने सम्बन्धि पत्र पठाइएको ।
- सूचिकृत बेरोजगार व्यक्तिहरुको प्राथमिकिकरण अनुसार सुचि प्रकाशन गा/Psf] .
- वडा नं. ३ ,५ र ८ का योजनाहरुको लागत इष्टिमेट तयार गरिएको र वडा न ८ मा काम शुरु गरिएको ।
  ४. बैदेशिक रोजगारीका लागि बिभिन्न देशमा जाने १४ जना व्यक्तिहरुको पुन: श्रम स्वीकृति सम्बन्धि कार्यमा सहजिकरण गरिएको

## सुरक्षित आप्रवासन (सामी) कार्यक्रम

| सि नं | कार्यक्रम / कृयाकलापहरु | संख्या | कैफियत |
|---|---|---|---|
| १. | सामी कार्यक्रम संचालनका लागि स्थानीय कार्यक्रम संचालन तथा ब्यवस्थापन समिति बैठक/ बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षासंचालनको लागि वडा छनौट बैठक | १ पटक | |
| २. | बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको लागि प्रारम्भिक सर्बेक्षण | ११३ जना | |
| ३ | बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालन | ३ वटा | |
| ४ | बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा संचालनको लागि बेसलाइन | ३० जना | |
| ५ | बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षाफलो अप मिटिङ | ४ वटा | |

| | | | |
|---|---|---|---|
| ६ | बित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षामा सहभागि संख्या | ७८ जना | |
| ७ | बैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाइ गहन अभिमुखीकर कार्यक्रम | १ वटा | |
| ८ | सरोकारवालाहरुसंगको अन्तरकृया तथा समुदाय अभिमुखीकरण कार्यक्रम | ३ वटा | |
| ९ | बैदेशिक रोजागरीमा गएका परिवारलाइ सूचना प्रदान नया घरपरिवार भेट | ६९० परिवार | |
| १० | बैदेशिक रोजागरीमा गएका परिवारलाइ सूचना प्रदान फलो अप | २४२ परिवार | |
| ११ | बैदेशिक रोजागरीमा गएका परिवारलाइ कागजात मगाएका | ५० परिवार | |
| १२ | आर्थिक सहायता प्राप्त गरेको | १ परिवार | रु ५० हजार |
| १३ | आर्थिक सहायता प्रकृयामा रहेको | ३ परिवार | |
| १४ | मनोसामाजिक परामर्शका पुराना केश | ११ वटा | |
| १५ | मनोसामाजिक परामर्शका पुराना केश सेवा बन्द | १२ वटा | |
| १६ | मनोसामाजिक परामर्शका नयाँ केश | १२ वटा | |
| १७ | मनोसामाजिक परामर्शका केश फलो अप | ५४ पटक | |
| १८ | मनोसामाजिक समुह  परामर्श | ३० जना | |

**गरीबी निवारणका लागि लघु उद्यम कार्यक्रम ( मेड्पा ) बाट सम्पादन भएका कार्यहरु**

गत आ.ब. २०७९/८० को बार्षिक प्रतिबेदन तयारी सम्पन्न

उद्यम बिकास समितिको बैठक सम्पन्न

नयाँ उद्यमी सृजनाको लागि वडा नं. १ र ५ छनौट गरिएको

चालु आ.ब. २०८०/८१को लागि बार्षिक कार्ययोजना तयार गरिएको ।

**घर नक्सा तथा नापी शाखा एबम भूमि इकाईबाट सम्पादन भएका कार्यहरु**

- भुमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको ११ वटै वडामा विभिन्न मितिमा संकलन भई प्राप्त फारमहरु रुजु गरिएको ।
- ११ वटै वडाका निवेदन फारमहरु भुमि आयोगको प्रणालिमा प्रविष्ट गरिएको ।
- सबै वडाहरुको छुट बाहेक अधिकांश निस्सा वितरण गरिएको ।
- संकलन भएका फारमहरुमा निवेदन / दाबि बिरोध माथि सम्बन्धित निकाय मार्फत छलफल गरि निकास दिएको ।
- वडा नं ११ का संकलित सबै फारमहरु कार्यपालिका बाट अनुमोदन गरि भुमि आयोग कास्कीमा पठाइएको ।
- वडा नं ५ का  भुमिहिन दलित, भूमिहिन सुकुम्बासी गरि २ जना ब्यक्तिलाई भुमि आयोगको कार्यबिधि अनुसार जग्गाधनि प्रमाण पुर्जा विरतण कार्य सम्पन्न गरिएको ।

- बाँकी कामहरु भुमि आयोगको कार्यबिधि अनुरुप क्रमश अघि बढाइएको ।

**<u>वडा कार्यालयतर्फ (११ वटै) बाट सम्पादन भएका कार्यहरु</u>**

- वडामा नियमित बैठक बसी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइएको ।
- राजश्व संकलन, योजना सम्झौता अनलाइन प्रणाली मार्फत  गर्ने गरिएको ।
- राजश्व संकलनको काम नियमित हुने गरेको ।
- घटना दर्ता तथा सामाजिक सुरक्षासंग सम्बन्धित कामहरु नियमित हुने गरेको ।
- तथ्यांक संकलन, सूचना प्रवाहको काम नियमित हुने गरेको ।
- योजना कार्यान्वयनको लागि प्रभाबकारी रुपमा काम हुँदै आएको ।
- दैनिक प्रशासनिक काम प्रभाबकारी रुपमा संचालन गरि सेवा प्रवाह गरिएको ।